SHINE RESUNGA DEVELOPMENT BANK LTD.

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

S.N.:

APPLICATION FOR DEBIT CARD/MOBILE BANKING

डेविट कार्ड/मोबाईल बैंकिङ्गको आवेदन फाराम

_____ Branch
शाखा

Account Type
खाताको प्रकार
☐ Saving बचत ☐ Current चल्ती ☐ Others: अन्य

Date:-_____
मिति

Account No.
खाता नम्बर

Account Name
खाताको नाम

Address
ठेगाना

Phone No. _____
फोन नं

Mobile No.
मोबाइल नं

E-mail
इमेल

Debit Card : Yes/ हो ☐ No/ होइन ☐

Debit Card Type
खाताको प्रकार किसिम
☐ VISA भिसा ☐ Nepalpay नेपालपे ☐ Others अन्य

Currency:
मुद्रा
☐ NPR ने.रु. ☐ USD डलर

Card Type
कार्डको प्रकार
☐ Personalized निजीकृत ☐ Instant तत्काल

Card Collecting Branch _____
कार्ड संकलन गर्ने शाखा

Card Issuance Fee:
कार्ड जारी शुल्क
☐ Full Payment एक मुष्ट ☐ Yearly Basis वार्षिक

Name to Display in Card
कार्डमा उल्लेख हुने नाम

E-commerce Activation
ई-कमर्स सक्रियता
☐ Yes/हो ☐ No//होइन

Mobile Banking: Yes/ हो ☐ No/ होइन ☐

Service Type
सेवाको प्रकार
☐ Account View खाताको जानकारी
☐ Account View and Transactions खाताको जानकारी र कारोबार

Service to be availed from/सेवा उपलब्ध हुने
Inside Nepal/नेपाल भित्र ☐ Outside Nepal/नेपाल बाहिर ☐

I/We request to link following account number/s having same /different customer ID in my/our Mobile Banking service and I/we confirm of being the authorized signatory/ies or operator/s of these accounts. म/हामी निम्न उल्लेखित उही/फरक ग्राहक नम्बर भएका खाताहरुको आधिकारिक सञ्चालक रहेको जानकारी गराउँदै सो खाताहरुलाई मेरो/हाम्रो मोबाइल बैंकिङ्ग सेवामा आवद्ध गरिदिन हुन अनुरोध गर्दछु/छौं ।

S. No.	Account Number खाताको नम्बर	Account Name (खाताको नाम)	Primary or Secondary प्राथमिक/ वैकल्पिक

_____
Accountholder/Operator's Signature
(खातावाला/सञ्चालकको दस्तखत)

Terms and Conditions of Debit Card डेबिट कार्ड सञ्चालन सम्बन्धी शर्त बन्देजहरु

१) The Debit Card (hereinafter referred to as "Card") and the Personal Identification Number (herein after referred to as "PIN") slips shall be issued to the Accountholder (herein after referred to as "Cardholder") at his/her sole risk and responsibility.
डेबिट कार्ड (यस पश्चात कार्ड भनिएको) एवं व्यक्तिगत पहिचान नं. (यस पश्चात पिन भनिएको) खातावाल (यस पश्चात कार्डधारक भनिएको) को व्यक्तिगत जोखिम एवं जिम्मेवारीमा जारी गरिनेछ ।

२) The Card is not transferable and shall be used exclusively by the Cardholder. The Cardholder undertakes to destroy the PIN slip after memorizing the PIN.
कार्ड हस्तानन्तरणीय होइन र कार्डधारक स्वयंले प्रयोग गर्नुपर्ने छ । कार्डधारकले पिन याद गरे पश्चात् पिन स्लीप नष्ट गर्नुपर्नेछ ।

३) The Cardholder is allowed to withdraw cash within the arranged limit from ATM and make payment for his/her purchase to the merchant through Point of Sale (herein after referred to as "POS") by using this Card.
कार्डधारकले कार्ड प्रयोग गरि तोकिएको सीमामा रहेर ए.टि.एम. बाट नगद निकाल्न र प्वाइन्ट अफ सेल (यस पश्चात "पिओएस" भनिएको) मार्फत व्यवसायीलाई आफूले गरेको खरिदको भुक्तानी गर्न सक्नेछ ।

४) The Cardholder will be provided following facilities through ATM with Card.
कार्डधारकले यस कार्ड मार्फत ए.टि.एम.मा निम्न सेवाहरु प्राप्त गर्न सक्नेछ ।

- Cash Withdrawal (नगद भुक्तानी)
- Fast Cash (तत्काल नगद)
- Balance Enquiry (मौज्दात जानकारी)
- PIN Change (पिन परिवर्तन)
- Mini Statement (संक्षिप्त कारोबार विवरण)

५) The Cardholder shall inform the Bank through written application, phone calls, email or mobile banking regarding lost, stolen/theft and damage of the Card to block the Card. The Cardholder will be held liable for all the transactions initiated/done before the information has been received by the Bank.
कार्ड हराएमा, चोरी भएमा वा बिग्रिएमा त्यसको जानकारी कार्डधारकले बैंकलाई लिखित निवेदन, फोन, ईमेल वा मोबाइल बैंकिङ्ग मार्फत दिनुपर्नेछ । बैकले जानकारी प्राप्त गर्नुअघि शुरु गरिएका/भए गरेका सम्पूर्ण कारोबारहरुको दायित्व कार्डधारकको हुनेछ ।

६) The Bank shall debit the designated account of the Cardholder for settlement of all the transactions initiated including cash withdrawal by using the Card. For this purpose, the Cardholder irrevocably authorizes the Bank to debit his/her account.
कार्डको प्रयोग गरि निकालेको नगद लगायतका सबै कारोवारहरुको हिसाब मिलानको लागि बैंकले कार्डधारकको तोकिएको खाता डेविट गर्नेछ । यस प्रयोजनको लागि कार्डधारकले बैंकलाई बिना शर्त आफ्नो खाता डेविट गर्ने अख्तियारी प्रदान गर्दछ ।

७) Applicable charges are published through Standard Tariff Charges (STC) Policy. STC Policy shall be made available to Cardholder through Bank's website, mobile banking, notice board of the branches and during delivery of Card service to Cardholder.
लागू हुने सेवा शुल्क, शुल्क सम्बन्धि नीतिमा उल्लेख भई प्रकाशित गरे बमोजिम हुनेछ । शुल्क सम्बन्धि नीति बैंकको वेव साइट, मोबाइल बैंकिङ्ग, शाखामा रहेको सुचना पाटी तथा कार्डधारकलाई कार्डको सेवा उपलब्ध गराउँदा जानकारी गराइनेछ ।

८) Cash withdrawal from ATM will be dispensed only in Rs. 500/- and Rs. 1,000/- denominations or in any other denominations as decided by the Bank.
ए.टि.एम. मार्फत भुक्तानी हुने रकम रु ५०० र रु १००० को दरमा मात्र हुनेछ । यो दर बैंकले निर्णय गरे बमोजिम समय समयमा फरक हुन सक्नेछ ।

९) If an incorrect PIN is entered for three consecutive attempts while using in ATM/POS, the Card shall automatically become inoperative. In such cases, the Cardholder shall be required to contact the nearest branch of the Bank for reactivation of the Card or may reactivate the Card through the Bank's mobile banking.
कार्ड ATM/POS मा पायोग गर्दा लगातार तीन पटक गलत पिनको प्रयोग गरेमा कार्ड स्वतः निष्क्रिय हुनेछ । यस्तो अवस्थामा कार्ड पुनः सक्रिय गर्न कार्डधारकले बैंकको नजिकको शाखामा सम्पर्क गर्नुपर्नेछ अथवा बैंकको मोबाइल बैंकिङ मार्फत पनि कार्ड पुनः सक्रिय गर्न सक्नेछ ।

१०) Any mistake in the transaction slip has to be reported to the Bank by the Cardholder immediately. The Cardholder further undertakes to accept full responsibility for all transactions made by the use of the card whether or not made with his/her knowledge or authority and he/she shall accept the Bank's record of transactions as binding for all the purposes.
कार्डधारकले कारोवार स्लिपमा भएको कुनै पनि गल्तीको जानकारी बैंकलाई तुरुन्तै गराउनु पर्नेछ । कार्डधारकले आफ्नो जानकारीमा भएको वा नभएको अवस्थामा समेत कार्डको प्रयोगबाट भएको कुनै पनि कारोवारको सम्पूर्ण जिम्मेवारी लिन सहमत हुनेछ । बैंकको अभिलेखमा रहेको कारोबार सम्बन्धी हिसाब सबै अवस्थामा स्वीकार्य र बाध्यकारी हुनेछ ।

११) The Card issued to the Cardholder shall always remain the property of the Bank and shall be surrendered upon demand. The Bank reserve the right to cancel, withdraw, suspend, or deactivate the Card, or refuse its reissuance, renewal, replacement, or reactivation, if in the later date after issuance of the Card, it is found that any information provided by the Cardholder is false, or if the Cardholder is found to have misused the Card. The Cardholder shall remain liable for all transactions, fees and liabilities conducted till the date of cancellation of the Card.
यस बैंकद्वारा जारी गरिएको कार्ड सधैं बैंकको सम्पत्ति रहनेछ र बैंकले माग गरेमा कार्डधारकले उक्त कार्ड फिर्ता बुझाउनुपर्नेछ । कार्ड जारी गरिसकेपछिको मितिमा कार्डधारकद्वारा प्रदान गरिएको कुनै पनि जानकारी गलत वा भ्रामक भएको पाइएमा वा कार्डधारकले कार्डको दुरुपयोग गरेको पाइएमा बैंकले कार्ड रद्द गर्न, फिर्ता लिन, निलम्बन गर्न वा निष्क्रिय गर्न तथा कार्डको पुनः जारी, नवीकरण, प्रतिस्थापन वा पुनः सक्रिय गर्न अस्वीकार गर्न सक्नेछ । कार्ड रद्द भएको मितिसम्म उक्त कार्डमार्फत गरिएका सम्पूर्ण कारोबार, शुल्क तथा दायित्वहरूको जिम्मेवारी कार्डधारकको हुनेछ ।

१२) The Bank shall not be liable for any non-availability, interruption, delay, or failure of ATM/POS services arising from any cause beyond the Bank's control.
बैंकको नियन्त्रण भन्दा बाहिरका कुनै पनि कारणबाट ए.टि.एम. वा पीओएस सेवाहरू उपलब्ध हुन नसकेमा, अवरुद्ध भएमा, ढिलाइ भएमा वा रद्द भएमा त्यसप्रति बैंक कुनै पनि प्रकारले जिम्मेवार हुने छैन ।

१३) The Bank reserves the right to amend these terms and conditions at any time with prior notice to the Cardholder through Bank's website and Mobile Banking and such amended terms and conditions shall be binding on to the Cardholder. The latest version of the terms and conditions shall also be made available through Bank's website and Mobile Banking.
बैंकले कुनै पनि समयमा यहाँ उल्लेख गरिएका शर्त तथा बन्दजेहरु बैंकको वेवसाइट र मोबाइल बैंकिङ्ग मार्फत ग्राहकलाई पूर्व जानकारी दिई संशोधन गर्न सक्नेछ र त्यस्ता संशोधित सर्त तथा बन्देजहरु कार्डधारकका लागि बाध्यकारी हुनेछ । संशोधित शर्त तथा बन्दजेहरु को संस्करण बैंकको वेवसाइट र मोबाइल बैंकिङ्ग मार्फत उपलब्ध गराइनेछ ।

१४) The Cardholder undertakes to indemnify the Bank against all losses, damages, costs, or expenses incurred and sustained by the Bank due to the Cardholder's unusual activities, physical damage and failure to observe any of the terms and conditions herein mentioned.
यस शर्त तथा बन्देजहरुको पालना नगरेको, असामान्य गतिविधि गरेको, भौतिक क्षति हुने कार्य गरेको कारणबाट बैंकले व्यहोर्न परेको सम्पूर्ण हानी, नोक्सानी, क्षति वा खर्चको हर्जाना कार्डधारकले बैंकलाई भुक्तानी गर्न मञ्जुरी पद्रान गर्दछ ।

१५) Any charge slip received from POS after transaction using the Card shall be conclusive proof of the charges recorded therein as incurred by the Cardholder and will be debited from the Cardholder's account on real time. The Cardholder is responsible for collecting the bills and copies of charge slips from merchant firm and transaction slip from ATM.
कार्डको प्रयोग गरि पिओएस मेसिनबाट भएको कारोबार पश्चात प्राप्त हुने कुनै पनि चार्ज स्लीप (शुल्क बिजक) कार्डधारकले सेवा लिएको पक्का प्रमाण मानिनेछ र सो शुल्क कार्डधारकको खाताबाट तुरुन्त कट्टा गरिनेछ। कार्डको प्रयोग पश्चात् ए.टि.एम.बाट कारोबार विजक र मर्चेन्ट फर्मबाट शुल्क विजक लिने दायित्व कार्डधारकको हुनेछ।

१६) It shall be the sole responsibility of the Cardholder to reconcile/verify all the transactions made by the use of the Card. To ascertain the claim rights, any dispute on Card transactions should be lodged within 15 calendar days from the date of transaction.
कार्डको प्रयोगबाट भएका कारोबारहरुको हिसाब मिलान/रुजु गर्ने दायित्व कार्डधारकको हुनेछ। कारोबार सम्बन्धी कुनै विवाद भएमा हकदावी सुनिश्चित गर्नको लागि कार्डधारकले कारोवार भएको मितिले १५ दिन भित्र चार्ज ब्याकको प्रक्रिया थाल्नको लागि बैंकलाई सूचित गर्नुपर्नेछ।

१७) The Card shall be renewed annually from the date of issuance or date of last renewal, as applicable. Unless the Cardholder notifies the Bank in writing or through the email registered with the Bank of their intention not to renew the Card prior to the renewal date, the Card shall be automatically renewed. The Bank shall provide prior notice of renewal and recover the applicable renewal fee by debiting the Cardholder's account.
कार्ड जारी भएको मिति वा अन्तिम नवीकरण भएको मितिबाट (जुन लागू हुन्छ) वार्षिक रूपमा कार्ड स्वतः नवीकरण गरिनेछ। यद्यपि, कार्डधारकले नवीकरण मिति अगावै बैंकलाई लिखित रूपमा अथवा बैंकमा उपलब्ध गराइएको इमेल मार्फत कार्ड नवीकरण नगर्ने जानकारी दिएमा नवीकरण गरिने छैन। बैंकले कार्ड नवीकरण सम्बन्धी पूर्व सूचना कार्डधारकलाई प्रदान गरि लागू हुने नवीकरण शुल्क कार्डधारकको खाताबाट डेबिट गरी असुलउपर गर्नेछ ।

१८) The Cardholder shall keep the PIN and/or OTP (One-Time Password) strictly confidential and shall not disclose them to any person under any circumstances. The Cardholder shall be solely responsible for all transactions authenticated using such credentials, and the Bank shall treat such transactions as duly authorized by the Cardholder.
कार्डधारकले पिन तथा एकपटक प्रयोग हुने पासवर्ड (OTP) पूर्ण रूपमा गोप्य राख्नुपर्नेछ र कुनै पनि परिस्थितिमा अन्य कुनै व्यक्तिलाई खुलासा गर्नुहुँदैन। यस्ता प्रमाणीकरण विवरणहरूको प्रयोगबाट सम्पन्न भएका सबै कारोबारहरूको सम्पूर्ण जिम्मेवारी कार्डधारककै हुनेछ र बैंकले त्यस्ता कारोबारहरूलाई कार्डधारकद्वारा स्वीकृत कारोबार मान्नेछ।

१९) Card Service will be suspended without prior notice to the Cardholder in case the account becomes dormant or any restriction is imposed in the account such as blocked or debit restricted if the customer fails to provide the necessary documents/information to comply with AML/CFT Regulations or based on the request/direction from investigating/law enforcement authorities/court/regulatory bodies.
खाता निस्कृय भई डोरमेन्ट भएको अवस्थामा वा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नियमहरूको पालना हुने गरि ग्राहकले आवश्यक कागजात/जानकारी उपलब्ध गराउन नसकेमा वा अनुसन्धान गर्ने/कानुन कार्यान्वयन गर्ने निकाय/अदालत/नियामक निकायको अनुरोध/निर्देशनमा बैंकले कार्डधारकलाई पूर्वसूचना नदिई खाता रोक्का गरेको अवस्थामा कार्डको सेवा निस्कृय रहनेछ।

२०) In case of joint accounts, all the terms and conditions mentioned herein will be jointly and severally binding on all account members as well as all the joint accountholders shall be jointly and severally responsible for all the transactions done through Card.
संयुक्त खाताको हकमा, सबै खाताका सदस्यहरुलाई यहाँ उल्लेखित शर्त तथा बन्देजहरु संयुक्त र एकल रुपमा लागु हुनुको साथै कार्डबाट गरिएको सम्पूर्ण कारोबारको लागि पनि सबै खाताको सदस्यहरु संयुक्त र एकल रुपमा जिम्मेवार हुनेछन्।

२१) The Cardholder shall not use the Card for any transactions prohibited by Law or Regulatory Authorities. In the event of failing to so abide, the Cardholder shall be fully responsible.
कार्डधारकले कानुनी वा नियामक निकायहरुले निषेध गरेका कारोवारहरुमा कार्डको प्रयोग गर्न पाउने छैन। अन्यथा कार्डधारक स्वयं जिम्मेवार हुनेछ।

२२) Card service shall be deemed to cease and the Bank shall be entitled to impose immediate restrictions of service on the occurrence of below mentioned events:

- Closure of designated account(s).
- Customer requests to discontinue the service in writing or through the email registered with the Bank's CBS.
- Customer is found to be violating these terms and conditions.
- Customer has failed to maintain account balance for renewal fee.
- The customer is blacklisted.
- देहायका कुनै पनि अवस्था उत्पन्न भएमा कार्ड सेवा स्वतः समाप्त भएको मानिनेछ वा बैंकले तत्काल सेवा सीमित, स्थगित वा बन्द गर्न सक्नेछः
- सम्बन्धित खाता बन्द भएमा।
- ग्राहकले सेवा बन्द गर्न लिखित अथवा बैंकको CBS मा दर्ता भएको इमेल ठेगाना मार्फत अनुरोध गरेमा।
- ग्राहकले यी शर्त तथा नियमहरूको उल्लङ्घन गरेको पाइएमा।
- सेवा नवीकरण गर्नको लागि ग्राहकको खातामा आवश्यक मौज्दात नराखिएमा।
- ग्राहक कालोसूचीमा परेमा।

२३) The Cardholder will be liable for any kind of violation of foreign currency rules and regulations.
विदेशी मुद्रा सम्बन्धी नियम तथा विनियमहरुको कुनै पनि प्रकारको उलङ्घनको लागि कार्डधारक स्वयं जवाफदेही हुनेछ।

२४) Any dispute or differences arising out of or in connection with the service shall be subject to governed by these terms and conditions and the applicable laws of Nepal.
यस सेवासँग सम्बन्धित वा यस सेवाको प्रयोगबाट उत्पन्न हुने कुनै पनि विवाद वा मतभेद यी शर्त तथा नियमहरू तथा नेपालको प्रचलित कानुन बमोजिम समाधान गरिनेछ।

२५) Cardholders must provide purchase documents for foreign transactions upon request by the Bank or Regulators.
बैंक वा नियामकहरूले अनुरोध गरेमा कार्डधारकले विदेशी कारोबारको लागि समर्थन हुने खरिद गरिएको कागजातहरू उपलब्ध गराउनु पर्नेछ।

२६) Claims or refunds, if any must be processed through the Bank, not directly with the merchant.
कार्डधारकले कार्ड मार्फत गरिने कारोबारहरुको दावी वा फिर्ता भएमा, सो सम्बन्धी प्रक्रिया सिधै Merchant मार्फत नगरी, बैंक मार्फत गर्नुपर्नेछ।

Accountholder/Operator's Signature
(खातावाला/सञ्चालकको दस्तखत)

Terms and Conditions of Mobile Banking
मोबाईल बैंकिङको सञ्चालन सम्बन्धी शर्त बन्देजहरु

The following terms and conditions shall be applied for Shine Resunga Development Bank Ltd. Mobile service to the customers.
ग्राहकका लागि शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिाको मोबाइल बैंकिङ्ग सेवा प्रयोगार्थ निम्न बमोजिमको शर्त बन्देजहरु लागु हुनेछन् ।

१) The user must be customer of the Bank and availing Mobile Banking Service. The customer is any individual, firm, company, or entity established in accordance with the prevailing laws having account in any branch of the Bank. In case of joint account, customer shall be deemed to mean all or each of the joint accountholders. All the customers shall be bound by these terms and conditions and be jointly and severally liable for all the transactions and dealings effected by using the services.
सेवाग्राही बैंकको ग्राहक हुनुका साथै मोबाइल बैंकिङ सेवा प्रयोग गर्ने अधिकार प्राप्त गरेको हुनुपर्नेछ । ग्राहक भन्नाले बैंकको कुनै पनि शाखामा खाता सञ्चालन गरेको व्यक्ति, फर्म, कम्पनी, वा प्रचलित कानुन बमोजिम स्थापित संस्थालाई जनाउनेछ । संयुक्त खाताको हकमा "ग्राहक" भन्नाले सबै वा प्रत्येक संयुक्त खातावालालाई जनाउनेछ । सेवाको प्रयोगबाट गरिएका सम्पूर्ण कारोबार तथा वित्तीय दायित्वका सम्बन्धमा सबै संयुक्त खातावालाहरू यी शर्त तथा बन्दजेहरुद्वारा बाध्य हुनेछन् तथा संयुक्त एवं एकल रूपमा जिम्मेवार रहनेछन् ।

२) By registering for the use of services, the customer warrants that all information provided by the customer to the Bank in relation to the services is true, complete, relevant and up-to-date. The services are for the sole and exclusive use by the customer and is not transferable to any other person apart from the user.
सेवामा दर्ता गरी आवेदन गरेसँगै ग्राहकले बैंकलाई उपलब्ध गराएको सम्पूर्ण विवरण सत्य, पूर्ण, सान्दर्भिक तथा अद्यावधिक रहेको प्रत्याभूति गर्दछ । उक्त सेवा केवल सम्बन्धित ग्राहकको व्यक्तिगत प्रयोगका लागि मात्र हुनेछ र ग्राहक बाहेक अन्य कुनै व्यक्ति वा पक्षलाई हस्तान्तरण, प्रयोग गर्न दिन वा उपलब्ध गराउन पाइने छैन ।

३) The customer shall ensure that they access the Mobile Banking service only through the Bank's official Mobile Banking application or the Bank's official browser-based Mobile Banking website and shall verify the authenticity of such application or website before logging in or entering any credentials. The Bank shall not be liable for any loss, damage, or unauthorized transaction arising from the customer's use of fraudulent, counterfeit, unauthorized, or compromised applications, websites, or electronic channels.
ग्राहकले मोबाइल बैंकिङ सेवा प्रयोग गर्दा बैंकको आधिकारिक मोबाइल बैंकिङ एप वा बैंकको आधिकारिक वेबमा आधारित मोबाइल बैंकिङबाट मात्र सेवा प्रयोग गर्नुपर्नेछ । लगइन गर्नु वा कुनै पनि गोप्य विवरण प्रयोग गर्नु अघि सम्बन्धित एप वा वेबसाइटको आधिकारिकता ग्राहक स्वयंले सुनिश्चित गर्नुपर्नेछ । नक्कली, अनधिकृत, भ्रामक, दुरुपयोग गरिएको वा सुरक्षामा सम्झौता भएका एप, वेबसाइट वा अन्य विद्युतीय माध्यम प्रयोग गर्दा हुने कुनै पनि क्षति, नोक्सानी वा अनधिकृत कारोबार प्रति बैंक जिम्मेवार हुने छैन ।

४) The following provisions shall apply to the Mobile Banking service:

- The Password/PIN for Mobile Banking shall be issued only after completion of the Bank's prescribed customer verification procedures, including signature verification where applicable.
- The customer shall change the Password/PIN provided by the Bank upon first use of the Mobile Banking service and shall always keep such Password/PIN secure and confidential.
- Passwords shall expire every ninety (90) days, upon which the customer shall be required to create a new password in accordance with the Bank's security requirements.
- Alerts, notifications and other communications relating to the Mobile Banking service may be sent to the customer's mobile number and/or email registered in the Bank's CBS. The customer shall be solely responsible for maintaining the security and confidentiality of such communications and for safeguarding access to the devices through which they are received.
- The transacting feature may be automatically disabled if it remains inactive for a continuous period of ninety (90) days. The feature shall be re-enabled only upon receipt of a written request from customer or request through email registered in the Bank's CBS and completion of any verification procedures required by the Bank.
- मोबाइल बैंकिङ सेवासम्बन्धी देहायका व्यवस्थाहरू लागू हुनेछनः
- मोबाइल बैंकिङ सेवाको Password/PIN बैंकले तोकेको ग्राहक प्रमाणीकरण प्रक्रिया, हस्ताक्षर प्रमाणीकरण समेत, पूरा भएपछि मात्र उपलब्ध गराइनेछ ।
- ग्राहकले बैंकबाट प्राप्त Password/PIN पहिलो पटक सेवा प्रयोग गर्दा अनिवार्य रूपमा परिवर्तन गर्नुपर्नेछ तथा त्यसलाई सधैं गोप्य र सुरक्षित राख्नुपर्नेछ ।
- Password को म्याद प्रत्येक नब्बे (९०) दिनमा स्वतः समाप्त हुनेछ । त्यसपछि बैंकले तोकेको सुरक्षा मापदण्ड अनुसार ग्राहकले नयाँ Password सिर्जना गर्नुपर्नेछ ।
- मोबाइल बैंकिङ सेवा सम्बन्धी सूचना, कारोबारको जानकारी तथा अन्य जानकारी बैंकको CBS मा दर्ता भएको ग्राहकको मोबाइल नम्बर वा इमेल ठेगानामा पठाउन सकिनेछ । यस्तो सूचना तथा उक्त सूचना प्राप्त गर्ने उपकरणको सुरक्षा र गोपनीयता कायम राख्ने सम्पूर्ण जिम्मेवारी ग्राहकको हुनेछ ।
- ग्राहकले लगातार नब्बे (९०) दिनसम्म कारोबार नगरेमा कारोबार सुविधा स्वतः निष्क्रिय हुन सक्नेछ । उक्त सुविधा पुनः सक्रिय गर्नको लागि ग्राहकले लिखित वा बैंकको CBS मा दर्ता भएको इमेल ठेगाना मार्फत अनुरोध गरेमा तथा बैंकले आवश्यक ठानेको प्रमाणीकरण प्रक्रिया पूरा गरेपछि मात्र गरिनेछ ।

५) The customer shall be solely responsible for maintaining the confidentiality and security of their User ID and/or Password/PIN and/or OTP. Any accidental, negligent, or unauthorized disclosure of the User ID and/or Password/PIN and/or OTP to any person or third party shall be at the customer's own risk. The customer shall bear full responsibility for all transactions, activities, instructions, or actions carried out using the User ID and/or Password/PIN and/or OTP, whether authorized or unauthorized, resulting from such disclosure, compromise or misuse. The customer shall immediately notify the Bank upon becoming aware of, or having reason to suspect, any unauthorized access to, disclosure, compromise or misuse of their User ID and/or Password/PIN and/or OTP or any unauthorized use of the service to block the service.
ग्राहकले आफ्नो User ID, Password, PIN तथा OTP को गोपनीयता तथा सुरक्षाको पूर्ण जिम्मेवारी स्वयं वहन गर्नुपर्नेछ । यी विवरणहरू लापरवाहीवश, भूलवश वा अनधिकृत रूपमा कुनै व्यक्ति वा तेस्रो पक्षलाई उपलब्ध गराइएमा त्यसबाट उत्पन्न हुने सम्पूर्ण जोखिम ग्राहक स्वयंले व्यहोर्नु पर्नेछ । उक्त विवरणहरूको प्रयोग गरी गरिएका सबै कारोबार, निर्देशन, गतिविधि वा अन्य कार्यहरू, चाहे ती अधिकृत हुन् वा अनधिकृत, ग्राहककै जिम्मेवारीमा पर्नेछन् । ग्राहकले आफ्नो User ID, Password, PIN वा OTP को अनधिकृत प्रयोग, दुरुपयोग, चुहावट वा शंका लाग्ने कुनै पनि अवस्था थाहा पाउने बित्तिकै उक्त सेवा रोक्का गर्नको लागि बैंकलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

६) The Bank reserves the right to determine, modify, or revise the scope, features, and limits in the Mobile Banking service from time to time. This includes, without limitation, the right to add, enhance, suspend, restrict, or discontinue any part of the service at any time, subject to the Bank's prevailing policies, procedures and regulatory requirements.
बैंकले आफ्नो प्रचलित नीति, कार्यविधि तथा नियामकीय व्यवस्था अनुसार मोबाइल बैंकिङ सेवाको दायरा, सुविधा तथा कारोबार सीमा समय-समयमा संशोधन, परिवर्तन, थप, विस्तार, सीमित, स्थगन वा पूर्ण रूपमा बन्द गर्न सक्ने अधिकार सुरक्षित राख्नेछ ।

७) The customer shall not use Mobile Banking services with any illegal purpose or activity. The customer shall notify the Bank immediately if he/she becomes aware of such misuse of service.
ग्राहकले मोबाइल बैंकिङ्ग सेवा कुनै पनि गैह्रकानुनी उद्देश्य वा क्रियाकलापका लागि प्रयोग गर्नु हुदैन । यदि यस सेवाको दुरुपयोग भएको ग्राहकले थाहा पाएमा, बैकलाई तुरन्तै खबर गर्नु पर्नेछ ।

८) Any instruction given through the Mobile Banking using the customer's User ID and Password/PIN shall be considered valid and authorized. The Bank will rely on and act upon such instructions in good faith, and they shall be binding on the customer regardless of whether they were submitted by the customer or by any other person using the customer's login credentials.
ग्राहकको User ID तथा Password/PIN प्रयोग गरी मोबाइल बैंकिङ मार्फत दिइएको कुनै पनि निर्देशनलाई बैंकले ग्राहकबाट प्रदान गरिएको वैध निर्देशन मानी कार्यान्वयन गर्नेछ । ग्राहकको लगइन विवरण प्रयोग गरी ग्राहक स्वयं वा अन्य कुनै व्यक्तिबाट त्यस्ता निर्देशनहरू दिइएको भए तापनि सो निर्देशनहरू ग्राहकका लागि पूर्ण रूपमा बाध्यकारी हुनेछन् ।

९) The Bank shall provide electronic confirmation that an instruction has been received, or a transaction has been completed through Mobile Banking. Such confirmation shall be deemed received by the customer immediately upon transmission. The customer is responsible for checking all confirmations and notifications and must promptly contact the Bank if an expected confirmation is not received within a reasonable period.
मोबाइल बैंकिङ मार्फत ग्राहकले दिएको निर्देशन प्राप्त भएको वा कारोबार सफलतापूर्वक सम्पन्न भएको सम्बन्धमा बैंकले विद्युतीय माध्यमबाट सूचना उपलब्ध गराउनेछ । यस्तो सूचना बैंकबाट प्रवाह भएलगत्तै ग्राहकले प्राप्त गरेको मानिनेछ । ग्राहकले प्राप्त भएका सम्पूर्ण सूचनाहरू नियमित रूपमा जाँच गर्नुपर्नेछ । उचित समयभित्र अपेक्षित सूचना प्राप्त नभएमा ग्राहकले तत्काल बैंकसँग सम्पर्क गर्नुपर्नेछ ।

१०) The Bank shall not be liable for any loss, damage, unauthorized transaction, or interruption of the Mobile Banking service arising from cybercrime, including but not limited to hacking, phishing, malware, identity theft, or any other fraudulent, illegal, or unauthorized activities occurring at the customer's end or conducted by third parties. The Bank shall further not be responsible for any transaction initiated through the use of compromised credentials, unauthorized access, fraudulent means, or any other unlawful method.
ग्राहकको तर्फ भएको ह्याकिङ, फिसिङ, मालवेयर, पहिचान चोरी लगायतका कुनै पनि साइबर अपराध, ठगी, गैरकानुनी वा अनधिकृत गतिविधिका कारण ग्राहक स्वयं कारोबारमा संलग्न भई वा तेस्रो पक्षबाट कारोबारमा संलग्न भई उत्पन्न हुने कुनै पनि क्षति, नोक्सानी, अनधिकृत कारोबार वा सेवामा अवरोध प्रति बैंक जिम्मेवार हुने छैन । त्यसैगरी, चोरी भएका वा दुरुपयोग गरिएका लगइन विवरण, अनधिकृत पहुँच वा अन्य कुनै गैरकानुनी माध्यमबाट गरिएका कारोबारहरू प्रति बैंक जिम्मेवार हुने छैन ।

११) Applicable charges are published through Standard Tariff Charges (STC) Policy. STC Policy shall be made available to customer through Bank's website, mobile banking, notice board of the branches and during delivery of Mobile Banking service to customer.
लागू हुने सेवा शुल्क, शुल्क सम्बन्धि नीतिमा उल्लेख भई प्रकाशित गरे बमोजिम हुनेछ । शुल्क सम्बन्धि नीति बैंकको वेव साइट, मोबाइल बैंकिङ्ग, शाखामा रहेको सुचना पाटी तथा ग्राहकलाई मोबाइल बैंकिङ्ग सेवा उपलब्ध गराउँदा जानकारी गराइनेछ ।

१२) The Bank shall not be liable or responsible or accountable in any way whatsoever arising from or related to any malfunction, interruption, or failure of any electronic device, communication network, internet service, or third-party service provider. The Bank shall not be responsible for any loss or damage incurred to the customer as a result of rejection, non-acceptance, delay, interruption, or non-execution of any instruction submitted through the Mobile Banking service, where such rejection, delay, interruption, or non-execution is due to reasons beyond the Bank's control.
कुनै पनि विद्युतीय उपकरण, सञ्चार सञ्जाल, इन्टरनेट सेवा वा तेस्रो पक्षद्वारा प्रदान गरिएको सेवामा आएको खराबी, अवरोध वा असफलताका कारण उत्पन्न हुने कुनै पनि समस्या, ढिलाइ वा क्षति प्रति बैंक कुनै पनि प्रकारले जिम्मेवार हुने छैन । बैंकको नियन्त्रण बाहिरका कुनै कारणले मोबाइल बैंकिङ सेवामार्फत पठाइएका निर्देशनहरू अस्वीकार, ढिलाइ, अवरुद्ध वा कार्यान्वयन हुन नसक्दा ग्राहकलाई हुने कुनै पनि क्षति वा नोक्सानी प्रति बैंक कुनै पनि प्रकारले जिम्मेवार हुने छैन ।

१३) Mobile Banking service will be suspended without prior notice to the customer in case the account becomes dormant or any restriction is imposed in the account such as blocked or debit restricted if the customer fails to provide the necessary documents/information to comply with AML/CFT Regulations or based on the request/direction from investigating/law enforcement authorities/court/regulatory bodies.
खाता निस्कृय भई डोरमेन्ट भएको अवस्थामा वा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी नियमहरूको पालना हुने गरि ग्राहकले आवश्यक कागजात/जानकारी उपलब्ध गराउन नसकेमा वा अनुसन्धान गर्ने/कानुन कार्यान्वयन गर्ने निकाय/अदालत/नियामक निकायको अनुरोध/निर्देशनमा बैंकले ग्राहकलाई पूर्वसूचना नदिई खाता रोक्का गरेको अवस्थामा मोबाइल बैंकङ्ग सेवा निस्कृय रहनेछ ।

१४) The Bank reserves the right to amend these terms and conditions at any time with prior notice to the customer through Bank's website and Mobile Banking and such amended terms and conditions shall be binding on the customer. The latest version of the terms and conditions shall also be made available through Bank's website and Mobile Banking.
बैंकले कुनै पनि समयमा यहाँ उल्लेख गरिएका शर्त तथा बन्दजेहरु बैंकको वेवसाइट र मोबाइल बैंकिङ्ग मार्फत ग्राहकलाई पूर्व जानकारी दिइ संशोधन गर्न सक्नेछ / त्यस्ता संशोधित शर्त तथा बन्देजहरु ग्राहका लागि बाध्यकारी हुनेछन् । संशोधित शर्त तथा बन्दजेहरुको संस्करण बैंकको वेवसाइट र मोबाइल बैंकिङ्ग मार्फत उपलब्ध गराइनेछ ।

१५) The dispute or differences arising out of or in connection with the service shall be subject to governed by these terms and conditions and the applicable laws of Nepal.
यस सेवासँग सम्बन्धित वा यस सेवाको प्रयोगबाट उत्पन्न हुने कुनै पनि विवाद वा मतभेद यी शर्त तथा नियमहरू तथा नेपालको प्रचलित कानुन बमोजिम समाधान गरिनेछ ।

१६) The Mobile Banking service shall be renewed annually from the date of registration or date of last renewal, as applicable. Unless the customer notifies the Bank in writing or through the email registered with the Bank's CBS, of their intention not to renew the service prior to the renewal date, the service shall be automatically renewed. The Bank shall provide prior notice of renewal and recover the applicable renewal fee by debiting the customer's account.

मोबाइल बैंकिङ सेवा दर्ता वा पछिल्लो पटक नवीकरण भएको मितिबाट (जुन लागू हुन्छ) वार्षिक रूपमा सेवा स्वतः नवीकरण गरिनेछ । ग्राहकले नवीकरण मिति अगावै बैंकलाई लिखित रूपमा अथवा अथवा बैंकको CBS मा दर्ता भएको इमेल ठेगाना मार्फत सेवा नवीकरण नगर्ने जानकारी दिएमा नवीकरण गरिने छैन । बैंकल सेवा नवीकरण सम्बन्धी पूर्व सूचना ग्राहकलाई प्रदान गरि लागू हुने नवीकरण शुल्क ग्राहकको खाताबाट डेबिट गरि असुलउपर गर्नेछ ।

१७) The Mobile Banking service shall be deemed to cease and the Bank shall be entitled to impose immediate restrictions of the user on the occurrence of below mentioned events:

- Closure of designated account(s).
- Customer requests to discontinue the service in writing or through the email registered with the Bank's CBS.
- Customer is found to be violating these terms and conditions.
- Customer has failed to maintain account balance for renewal fee.
- Customer is blacklisted.
- देहायका कुनै पनि अवस्था उत्पन्न भएमा मोबाइल बैंकिङ सेवा स्वतः समाप्त भएको मानिनेछ वा बैंकले तत्काल सेवा सीमित, स्थगित वा बन्द गर्न सक्नेछः
- सम्बन्धित खाता बन्द भएमा ।
- ग्राहकले सेवा बन्द गर्न लिखित अथवा बैंकको CBS मा दर्ता भएको इमेल ठेगाना मार्फत अनुरोध गरेमा ।
- ग्राहकले यी शर्त तथा नियमहरूको उल्लङ्घन गरेको पाइएमा ।
- सेवा नवीकरण गर्नको लागि ग्राहकको खातामा आवश्यक मौज्दात नराखिएमा ।
- ग्राहक कालोसूचीमा परेमा ।

१८) In case of joint accounts, all the terms and conditions mentioned herein will be jointly and severally binding on all accountholders as well as all the joint accountholders shall be jointly and severally responsible for all the transactions done through Mobile Banking.

संयुक्त खाताको हकमा, सबै खाताका सदस्यहरुलाई यहाँ उल्लेखित शर्त तथा बन्देजहरु संयुक्त र एकल रुपमा लागु हुनुको साथै मोबाइल बैंकिङ्गबाट गरिएको सम्पूर्ण कारोबारको लागि पनि सबै खाताको सदस्यहरु संयुक्त र एकल रुपमा जिम्मेवार हुनेछन् ।

I/We hereby declare that all the information provided in the form are true, correct and complete to the best of my/our knowledge. I/We have also read, understood and accept above terms and conditions and hereby agree to abide by them.

म/हामी यस आवेदन फाराममा उल्लेख गरेका सम्पूर्ण विवरणहरू मेरो/हाम्रो जानकारी अनुसार सत्य, सही र पूर्ण रहेको घोषणा गर्दछु/गर्दछौं । साथै, माथि उल्लिखित सम्पूर्ण शर्त तथा बन्देजहरु मैले/हामीले पढी, बुझी तथा स्वीकार गरेको र तिनको पूर्ण पालना गर्न म/हामी सहमत रहेको घोषणा गर्दछु/गर्दछौं ।

Accountholder/Operator's Signature
(खातावाला/सञ्चालकको दस्तखत)

Stamp
छाप

For Bank's Use Only

Application Received on | | | | | | | | |

Issued Card No. _____

User Name of Mobile Banking | | | | | | | | | | |

Entered by
Name :
Employee ID.:
Date :

Authorized By
Name :
Employee ID.:
Date :